
## Sydenham देखि Bankstown सम्म

## सिड्नी मेट्रोको लागि मार्ग निर्माण गर्दै



# Southwest Link (साउथ वेस्ट लिंक)

## रेल प्रतिस्थापन गर्ने बस सेवाहरू

NSW GOVERNMENT

Transport

# बारम्बार सोधिने प्रश्नहरू

## Southwest Link (साउथवेस्ट लिंक) के हो?

Southwest Link (साउथवेस्ट लिंक) T3 Bankstown लाइनको अन्तिम रूपान्तरण अवधिमा यात्रुहरूले यात्रा जारी राख्न सक्ने सुनिश्चित गर्न Sydenham र Bankstown रेल स्टेशनहरू बिचको एक समर्पित, बारम्बार चलिरहने बस सेवा हो।

### Southwest Link (साउथवेस्ट लिंक) को मुख्य विशेषताहरू निम्न छन्:

- तीन समर्पित बस मार्गहरू
- हरेक दिन बिहान सबेरैदेखि राति अबेरसम्म नियमित सेवाहरू, साथै केही मार्गहरूमा व्यस्त समयमा प्रत्येक दुई देखि चार मिनेटमा बस सेवा।
- मिश्रित सेवाहरु जस्तै कुनै सबै स्टपहरूमा रोक्ने र कुनै सीमित स्टपहरुमा मात्र रोक्ने।

Southwest Link (साउथवेस्ट लिंक) एकीकृत यातायात योजनाको भागको रुपमा पर्छ।

## एकीकृत यातायात योजना के हो?

एकीकृत यातायात योजना भनेको T3 Bankstown लाइन रूपान्तरण कार्हुँदा यात्रुहरूलाई गन्तव्यमा पुग्न मद्दत गर्नका लागि उपलब्ध सबै वैकल्पिक यातायात विकल्पहरू हुन्।

यात्रुहरूले निम्न सेवाहरुबाट छनोट गर्न सक्छन्:

- Southwest Link (साउथवेस्ट लिंक) बसहरू
- Sydenham मा टर्न-अप-एन्ड-गो मेट्रो सेवाहरू
- स्थानीय बसहरू
- रेलहरू
- लाईट रेल
- साइकल र पैदल मार्गहरू।

## Southwest Link (साउथवेस्ट लिंक) कहिले सुरु हुन्छ र यो कहिलेसम्म सञ्चालन हुनेछ?

साउथवेस्ट लिंक बस सेवाहरू जुलाई र अक्टोबर २०२४ बिच सुरु हुनेछन् र १२ महिनासम्म सञ्चालन हुनेछन्।

## के Southwest Link (साउथवेस्ट लिंक) सेवाहरू पहुँचयोग्य हुनेछन्?

हुन्छन्। पहुँचयोग्य, तल्लो तलाका बसहरू Southwest Link (साउथवेस्ट लिंक) बस मार्गहरूमा प्रयोग गरिनेछन्।

## के स्तरोन्नत्तिको समयमा मेरो यात्राको समय बढ्नेछ?

बढ्नेछ। स्तरोन्नत्तिको क्रममा Sydenham र Bankstown बिचको आफ्नो यात्रा पूरा गर्न अतिरिक्त यात्रा समय छुट्याउनुहोस्। सेवाहरू सुरु गर्नु अघि नै तपाईंले Southwest Link (साउथवेस्ट लिंक) बस यात्राहरूको योजना बनाउन सक्षम हुनुका साथै वैकल्पिक यातायात विकल्पहरू खोज्न सक्नुहुनेछ।

## किन Sydenham देखि Bankstown बिचको T3 Bankstown Line (टी ३ बैंकस्टाउन लाइन) स्तरोन्नत्ति हुँदैछ?


सन् २०२५ देखि द्रुत मेट्रो यात्री सेवाहरू सुचारू गर्न हामी T3 Bankstown लाइनलाई रूपान्तरण गर्दैछौं।

स्तरोन्नत्तिको अन्तिम कार्य सिड्नी रेल सेवाहरू चल्न बन्द भएपछि मात्र सुरु हुनसक्छ। यसमा Bankstown स्टेशनमा सिड्नी रेल र मेट्रो सेवाहरू छुट्ट्याउने कामहरू, स्टेशन स्तरवृद्धिहरू पूरा गर्ने, प्लेटफर्ममा स्क्रिन ढोकाहरू जडान गर्ने, ओभरहेड तारहरू मिलाउनट्र्याक मिलाउने अन्तिम कार्य, रेल परीक्षण र निर्माण परियोजना चालू गतिविधिहरू समावेश छन्।

सिड्नी मेट्रोले turn-up-and-go (टर्न-अप-एन्ड-गो) सेवाको रूपमा काम गर्नेछ, जसमा व्यस्त समयमा प्रत्येक चार मिनेटमा रेलहरू चल्नेछन् – त्यो भनेको प्रति घण्टा १५ रेलहरू चल्नु हो। बिहानको तीन घण्टाको व्यस्त समयमा, सिड्नी मेट्रोले Bankstown देखि Sydney CBD बिचको प्रत्येक दिशामा ५१,००० मानिसहरूलाई यात्रा गराउन सक्षम हुनेछ – जुन अहिलेको भन्दा थप १५,००० मानिसहरू बढी हो।





माथि: Hurlstone Park मा सिड्नी मेट्रो रूपान्तरण कार्य




*Southwest Link (साउथवेस्ट लिंक)को सञ्चालनमा हुँदा मात्र नक्सा सही छ।

## Southwest Link (साउथवेस्ट लिंक) बस सेवाहरू




## Southwest Link (साउथवेस्ट लिंक) बस सेवाहरूको बारम्बारता

**प्रत्येक २ देखि ४ मिनेटमा**
व्यस्त समय अवधिमा

**कम्तिमा हरेक १० मिनेटमा**
दिनको अधिकांश समयमा

**कम्तिमा हरेक १५ मिनेटमा**
राति ढिलो समयमा

## Bankstown को पश्चिम तर्फका रेल स्टेशनहरूमा के परिवर्तनहरू छन्?

Bankstown को पश्चिमका यात्रुहरूलाई रेल सेवाहरूमा पहुँच गर्न जारी राख्ने सुनिश्चित गर्ने नयाँ समयतालिका लागू गरिनेछ।

### T3 Liverpool र Inner West लाइन

हाल Bankstown हुँदै Liverpool र City Circle बिच सञ्चालन भइरहेको रेल सेवाहरू नयाँ T3 Liverpool र Inner West लाइन मा Regents Park र Lidcombe हुँदै Sydney CBD मा चल्नेछ। यसले Berala, Regents Park, Carramar, Villawood, Leightonfield, Chester Hill र Sefton बाट Sydney CBD मा सिधा सेवा कायम गर्दछ।

### नयाँ T6 Lidcombe र Bankstown लाइन

Lidcombe र Bankstown बिच नयाँ रेल सेवा सुरु गरिनेछ। यात्रुहरूले नयाँ T6 Lidcombe र Bankstown लाइन र T3 Liverpool र Inner West लाइनको बिचमा Regents Park मा Sydney CBD, Liverpool वा Bankstown का सेवाहरू पहुँच गर्न सक्षम हुनेछन्।

### रेल प्रतिस्थापन गर्ने बस सेवाहरू

कहिलेकाहीँ अन्तिम रूपान्तरणको अवधिमा, रेल मार्गको स्तरोन्नत्ति र मर्मतसम्भार गतिविधिहरू गर्न Lidcombe र Bankstown बिचको T6 लाइनमा बसहरूले रेलहरूको सेवालाई प्रतिस्थापन गर्नेछन्।

## Erskineville र St Peters का यात्रुहरूका लागि के परिवर्तनहरू छन्?

Erskineville र St Peters का यात्रुहरूले Sydney CBD देखि T8 Airport र South लाइनमा सिधा सेवाहरू प्राप्त गर्न जारी राख्नेछन्।

## रेल प्रतिस्थापन गर्ने बस सेवामा टिकटहरू

यात्रुहरूलाई रेल प्रतिस्थापन बसहरूमा यात्राको लागि भुक्तानी गर्न ओपल रिडरहरूमा ट्याप अन र ट्याप अफ गर्न वैध ओपल कार्ड, अमेरिकन एक्सप्रेस, मास्टरकार्ड वा भिसा कार्ड चाहिनेछ।

अग्रिम योजना बनाउनुहोस् र अनलाइन वा ओपल बिक्रेताबाट ओपल कार्ड खरीद गर्नुहोस्।

## म कसरी सूचित रहन सक्छु?

**transportnsw.info/southwestlink** मा हेरेर सूचित रहनुहोस् र यातायात विकल्पहरूमा समयमै अद्यावधिकहरू प्राप्त गर्नुहोस्